खड्ग (पाय:) जात्रा सम्बन्धी

# प्रेस-विज्ञप्ती

ललितपुर महानगरपालिका भित्र रहेका विभिन्न जात्राहरु मध्ये खड्ग (पाय:) जात्रा पनि एउटा महत्वपूर्ण जात्रा हो । लिच्छवीकालदेखि जात्राको रुपमा मनाउँदै आएको यस जात्रामा दशैका विभिन्न तिथिमा विभिन्न प्रकारले मनाईन्छ । यस जात्रामा दशैंको सप्तमी (फूलपाती) को दिनमा मानमानेश्वरी भवानीलाई खड्ग सहित मूछें आगनवाट मूलचोक भित्र ल्याइन्छ । महानवमीका दिन महालक्ष्मीस्थानबाट बाजागाजा सहित खड्ग जात्रा गर्दै पाटन दरवारमा ल्याइन्छ । बिजयादशमीका दिन ठेचो नवदुर्गा गण (गुथ प्याखँ) बाट खड्ग जात्रा सहित मानमानेश्वरी भवानीलाई माल्यार्पण गरिन्छ । त्रयोदशीका दिनमा मानमानेश्वरी भवानीलाई मूलचोकबाट मूछें आगनमा खड्ग सहित विराजमान गराईन्छ ।

विगत २४ बर्ष देखि विविध कारणवाट सन्चालन हुन नसकेको उक्त खड्ग जात्रा सन्चालनका लागि विगत केहि बर्ष देखि ललितपुर उद्योग बाणिज्य संघले पहल गर्दै आएकोमा स्थानीय तहको निर्वाचन पश्चात ललितपुर महानगरपालिका संगको संयुक्त पहलमा सम्बन्धीत संपूर्ण गुठियारहरु लगायत विभिन्न आबद्ध संघसंस्थाहरु वीच भएको पटक पटकको छलफल पश्चात यस बर्ष देखि यस ऐतिहासिक खड्ग जात्रा पुन: सन्चालन गर्ने निर्णय भएको कुरा जानकारी गराउन चाहन्छौं । यस वर्षको जात्रा सन्चालन गर्न विगत देखि गुठी संस्थानले आर्थिक सहयोग गर्दै आएको दरवन्दीमा नपुग भएको रकम ललितपुर महानगरपालिका र ललितपुर उद्योग बाणिज्य संघले संयुक्त सहयोग गर्ने व्यहोरा सबैमा जानकारी गराउँदछौं ।

| | |
|---|---|
| कृष्णलाल महर्जन<br>अध्यक्ष<br>ललितपुर उद्योग बाणिज्य संघ | चिरीबाबु महर्जन<br>प्रमुख<br>ललितपुर महानगरपालिका |

२०७५।६।२८

ललितपुर महानगरपालिका पुल्चोक, ललितपुर